# यातनाविरुद्धको अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

# यातना विरुद्धको अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | भीमप्रकाश ओली |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ८९ - १३९ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल। |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ। यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै विभिन्न ढङ्गबाट कार्य गर्दै आएको छ। मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्य-योजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने प्रयत्न गरिएको छ। यसबाट यस विषयमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा थप परिस्कृत गर्दै लैजान सकिने छ।

यस पुस्तिकामा नेपालमा यातनाविरुद्धको अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यहरूसमेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन्। आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय-सूची

| | | |
|---|---|---|
| | | **पेज नं.** |
| १. | परिचय | १ |
| २. | नेपालमा यातनाविरुद्धको अधिकारको अवस्था | ३ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ५ |
| ४. | आयोगको भूमिका | ९ |
| ५. | आयोगका गतिविधिहरू | १२ |
| | ५.१. अनुसन्धान | १२ |
| | ५.२. अनुगमन | १३ |
| | ५.३ सम्वर्द्धनात्मक गतिविधिहरू | १४ |
| | ५.४. यातना विरुद्धका उजुरीहरू र सिफारिसहरू | १६ |
| | ५.५. आयोगले प्रदान गर्ने सेवाहरू | १८ |
| | ५.६. आयोगका प्रकाशनहरू | १८ |
| ६. | समन्वय र सहकार्यहरू | २१ |
| ७. | आयोगका कार्यालयहरू | २३ |

# यातनाविरुद्धको अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

यातना दिने कार्य फौजदारी अपराध हुनुका साथै गम्भीर प्रकारको मानव अधिकार उल्लङ्घन समेत हो। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धिले यातनाका सम्बन्धमा स्पष्ट पार्दै कुनै सार्वजनिक अधिकारी वा अधिकारिक क्षमतामा काम गर्ने कुनै व्यक्तिसमेतबाट जो जसले गरेको भए पनि यातना वा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई अपराधको दायरामा ल्याउने, अनुसन्धान गर्ने, अभियोजन गर्ने एवम् क्षतिपूर्तिसमेत प्रदान गरी प्रभावकारी न्यायिक उपचारको हकको सुनिश्चित गर्ने दायित्व राज्यलाई प्रदान गरिएको छ।[1] आयोगमा प्राप्त उजुरीहरूलाई विश्लेषण गर्दा यातना दिने कार्यमा राज्यका सुरक्षा निकायहरू जिम्मेवार भएको पाइन्छ। एक दशक लामो सशस्त्र द्वन्द्वको क्रममा नेकपा (माओवादी) बाट समेत व्यक्तिहरूलाई कुटपीट र दुर्व्यवहार गरी यातना समानका पीडाहरू दिएको पाइएको छ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ ले यातनाविरुद्धको हकलाई मौलिक हकको रूपमा सुनिश्चत गरेको छ। धारा २६ (१) मा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ भन्ने उल्लेख छ।

[1] यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धि, १९८४ को धारा ४, ७, १२, १३ र १४

संस्थागत रूपमा नेपालमा यातना निर्मूलीकरणको लागि अदालत, राष्ट्रिय मानव अधिकार आयोग र सबै सुरक्षा निकायहरूमा मानव अधिकार निर्देशनालय एवम् मानव अधिकार इकाइहरू स्थापना भएका छन् । यातनाविरुद्ध अधिकारको संरक्षण र सम्वर्द्धन गर्नको निमित्त नेपाल सरकार र सुरक्षा निकायहरू, मानव अधिकारको क्षेत्रमा सक्रिय विभिन्न सङ्घसंस्थाहरूबाट समेत पटक पटक प्रतिबद्धता जाहेर भएका छन् । यातनाविरुद्ध अदालत र राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस बमोजिम क्षतिपूर्ति दिने कार्यलाई राज्यले पछिल्लो समयमा आएर गम्भीरतापूर्वक लिन खोजेको देखिन्छ ।

यातनालाई फौजदारी अपराध घोषित गर्ने छुट्टै कानुनको तर्जुमा गर्न राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकारसमक्ष सिफारिस समेत गरिसकेको अवस्था हुनुका साथै मानव अधिकार क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूले पनि वकालत गरिरहेको अवस्था छ । नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत यातना निर्मूलीकरण गर्ने सम्बन्धमा पटक-पटक प्रतिवद्धता व्यक्त भएको छ । सन् २०११ जनवरीमा भएको नेपाल सम्बन्धी विश्वव्यापी आवधीक समीक्षासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै नेपाल सरकारले यातना निर्मूलीकरणका लागि कानुनी, नीतिगत तथा संरचनागत सुधार गर्ने प्रतिवद्धतालाई पुनः दोहोऱ्याएबाट नेपाल यातनाविरुद्धको अधिकार संरक्षण र सम्वर्द्धनमा सकारात्मक रहेको सन्देश सम्प्रेषण भएको छ ।

## १.२. यातनाविरुद्धको इकाइ

संयुक्त राष्टसङ्घीय मानव अधिकारसम्बन्धी प्रमुख नौ महासन्धिहरूलाई आधार मानी आयोगको संरक्षण र सम्वर्द्धन महाशाखामा छुट्टाछुट्टै इकाइहरू स्थापना गरी कार्य गरिरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले मानिसका यातना विरुद्धको अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिई यातनाविरुद्धको इकाइ स्थापना गरेको हो । इकाइ स्थापनाको प्रमुख उद्देश्य यातनाविरुद्धको महासन्धिले प्रत्याभूत गरेका मानव अधिकारहरूको परिपालना, सम्मान, संरक्षण र सम्वर्द्धन गर्नु हो । यस इकाइले आयोगका रणनीतिक योजनाहरूले निर्धारण गरेका लक्ष्य प्राप्ति गर्ने उद्देश्यबाट कार्य गर्दछ ।

आयोगमा स्थापना गरिएका नौ विषयगत इकाइहरूमध्ये यस यातनाविरुद्धको अधिकार इकाइले मानिसका यातनाविरुद्धका अधिकार प्रचलन गराउनका लागि निम्न कार्यहरू गर्दछः

- यातनाविरुद्धका उजूरीहरूको ग्रहण गर्ने,
- उजुरीहरूको अनुगमन तथा अनुसन्धान र प्रतिवेदन पेश गर्ने,
- उजुरीउपर निर्णयको लागि आयोगको बैठकसमक्ष पेश गर्ने,
- सरकारी निकाय, नागरिक समाज एवम् सरोकारवालासँग यातनाविरुद्धको अधिकारका सम्बन्धमा समन्वय र सहकार्य गर्ने,
- थुनुवा केन्द्रहरू एवम् कारागारहरूको अनुगमन गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने,
- यातनाविरुद्धको अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने,
- यातनाविरुद्ध संयुक्त राष्ट्रसङ्घमा पेश हुने प्रतिवेदनहरूमा सुझाव प्रदान गर्ने र
- नागरिक सचेतना अभिवृद्धिका लागि आवश्यकताअनुसार गोष्ठी, तालिम र सेमिनार आदि गर्ने ।

## २. नेपालमा यातनाविरुद्ध अधिकारको अवस्था

नेपालमा परापूर्वकालदेखि अपराध गरेको आशङ्कामा सुरक्षा निकाय, प्रहरी तथा सम्बन्धित अधिकारीहरूबाट सत्यतथ्य बकाउने नाममा यातना दिइएको इतिहास छ । विशेषगरी सशस्त्र द्वन्द्वको अवधिमा सुरक्षाकर्मीबाट व्यापकमात्रामा यातनाजन्य घटनाहरू भएको पाइन्छ। यस क्रममा तत्कालीन नेकपा (माओवादी) बाट समेत यातनाजन्य कार्यहरू व्यापक मात्रामा भएको पाइन्छ । आयोगमा प्राप्त उजुरी र विभिन्न समयमा आयोगद्वारा हिरासत एवम् थुनुवा केन्द्रहरूहरूमा गरेको अनुगमनको आधारमा प्राप्त तथ्यहरूको विश्लेषण गर्दा नेपालमा सशस्त्र द्वन्द्वको क्रममा व्यक्तिहरूले द्वन्द्वरत पक्षहरूबाट व्यापक मात्रामा अमानवीय किसिमका यातना पाएको तथा त्यसबाट पीडित भएका व्यक्तिहरूले हालसम्म पनि राहत एवम् क्षतिपूपर्ति पाउन नसकेको अवस्था छ । दोषीलाई कारबाही गर्ने कुनै प्रक्रिया सुरु नभएबाट दण्डहीनताको अवस्था विद्यमान रहेको देखिन्छ ।

सशस्त्र द्वन्द्वको समयमा राजनीतिक प्रतिशोधको कारणले गैरकानुनी रूपमा हिरासतमा लिई बलपूर्वक बेपत्ता पार्ने, एकल वा सामूहिक रूपमा प्रत्येक दिन

कुटपीट गर्ने, एकान्त बासमा राख्ने, शौचालय जान अवरोध गर्ने, कुटपीट गरी बेहोस बनाउने, होसमा आइसकेपछि पुनः कुटपीट गर्ने, पीडा कम गर्ने औषधी दिई कुटपीट गर्ने, नङ उखेली दिने र आँखामा पट्टि बाँध्ने, यातनाबाट ज्यानसमेत लिने, खाल्डोमा हालेर राख्ने, महिलाहरूमाथि यौनशोषण गर्ने, अरूलाई कुटपीट गरेको सुनाउने तथा देखाउने, बारम्बार ज्यान मार्ने समेतको धम्की दिने, पीडितहरूलाई डरत्रास देखाई बोल्न नदिने, हिटरमा पिसाप फेर्न लगाई करेन्ट प्रवाह गरिदिनेजस्ता कार्यहरू गरी यातना दिएको पाइन्छ । बिस्तृत शान्तिसम्झौता सम्पन्न भएपश्चात् भने प्रहरीले हिरासतमा लिई साविति वयान गराउनको लागि लट्ठीले कुट्ने, बुटले हिर्काउने, समयमा खाना खान नदिने र अभद्र व्यवहार गर्नेजस्ता कार्यहरू गरी यातना दिएको पाइन्छ ।

सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेकपा (माओवादी) ले व्यक्तिहरूलाई जर्बजस्ती कब्जामा लिई अवस्था अज्ञात बनाउने, कब्जामा लिएका व्यक्तिलाई धेरै जना मिलेर चरम यातना दिई अङ्गभङ्ग गर्ने, पीडा कम गर्ने औषधी दिई कुटपीट गर्ने, अरूलाई कुटपीट गरेको सुनाउने तथा देखाउने, जर्बजस्ती श्रम गर्न बाध्य पार्ने जस्ता कार्यहरूगरेको पाइन्छ । यातनाविरुद्धको अधिकारको संरक्षणको लागि आयोग लगायत विभिन्न सङ्घसंस्थाहरूले व्यापक रूपमा अनुसन्धान, अनुगमन एवम् पैरवी गर्दासमेत यसमा उल्लेखनीय सुधार आउन नसकेको अवस्था छ । मानवअधिकारसम्बन्धी सचेतना कार्यक्रम, अभिमूखीकरण कार्यक्रम, तालिम गोष्ठी लगायत सम्वर्द्धनात्मक गतिविधिहरू र त्यस्ता गतिविधिहरूमा प्रहरी लगायत कानुन कार्यान्वयन गर्ने निकायहरूको सहभागीताले गर्दा विगतको तुलनामा यातना दिने कार्य न्यून हुँदै गएको पाइन्छ ।

नेपाल पक्ष भएको यातनाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिले यातनालाई निषेध, रोकथाम र यातनापीडितको न्यायको निश्चितता तथा पीडकलाई कानुन बमोजिम कारबाही गर्ने विषयमा विभिन्न प्रावधानहरूको व्यवस्था गरे पनि नेपालमा विद्यमान यातनासम्बन्धी ऐनले यातनालाई फौजदारी अपराधको रूपमा परिभाषित गर्न सकेको छैन । जबसम्म यातनालाई राष्ट्रिय कानुनमा गम्भीर प्रकृतिको फौजदारी अपराध मान्ने तथा यसको प्रकृति र मात्राको आधारमा उचित दण्डसजाय निश्चित गर्ने प्रावधानहरूको सुनिश्चितता गरिदैंन तबसम्म यातना, दुर्व्यवहार तथा अमानवीय कार्यको रोकथाम हुन सक्ने अवस्था देखिँदैन । यसको लागि नेपाल सरकारले यातनाको प्रचलनलाई

समाप्त पार्न आवश्यक पर्ने व्यवस्थापकीय, प्रशासनिक तथा कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने देखिन्छ । नेपाली नागरिकलाई यातनाविरुद्धको हकको प्रत्याभूतको लागि अपराध अनुसन्धान गर्न आवश्यक वैज्ञानिक प्रविधि, उपकरण र स्रोतसाधनयुक्त जनशक्ति तयार गर्ने सोच विकास गर्नुपर्छ । अपराध अनुसन्धानलाई वैज्ञानिक पद्दतिबाट अनुसन्धान गर्ने संयन्त्रको विकास हुन सकेमा मात्र नेपालमा यातना निर्मूलीकरणतर्फ ठोस उपलव्धी हासिल हुन सक्ने देखिन्छ ।

यातनाविरुद्धको अधिकार संरक्षण एवम् सम्वर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग, पुनरावेदन अदालत, महान्यायधिवक्ताको कार्यालय लगायतका निकायहरूबाट हिरासत एवम् थुनुवा केन्द्रहरूको नियमित अनुगमन एवम् निरीक्षण गर्ने प्रावधानको प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ । यसैगरी यातनाविरुद्धको स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउँनुको साथै आवश्यक स्रोतसाधनहरूको व्यवस्थापन गर्न यी निकायहरूबीचमा सहकार्य हुन जरुरी छ । आयोगले यातनाको निषेध, रोकथाम र यातना पीडितहरूको अधिकारको संरक्षण गर्ने सन्दर्भमा विभिन्नि गैरसरकारी संस्थाहरूसँग र नागरिक समाजसँग सहकार्य गर्दै आएको छ ।

# ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता

## ३.१. राष्ट्रिय कानुनहरू

नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत मौलिकहकको धारा २६ ले यातनाविरुद्धको हक सुनिश्चित गर्दै अनुसन्धान, तहकीकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनी स्पष्ट रूपमा उल्लेख गरी यातना दिने कार्यलाई कानुनले दण्डनीय हुनेछ मानेको छ । त्यसैगरी नेपालको अन्तरिम संविधानमा व्यवस्था भएको मौलिक हकहरूउपर अनुचित बन्देज लगाइएको अवस्थामा संवैधानिक उपचारको व्यवस्था गरिएको छ ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ ले अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक पीडालाई यातनाको रूपमा परिभाषित गरी व्यक्तिमाथि हुने

निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत यातनाको रूपमा परिभाषित गरेको छ। यसबाहेक नागरिक अधिकार ऐन, २०१२ प्रहरी ऐन, २०१२ मुलुकी ऐन, २०२० को बेरीतसँग थुन्दाको महल, कारागार ऐन, २०१९ बालबालिकासम्बन्धी ऐन, २०४८, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लगायतका कानुनहरू समेतमा यातनालाई निषेध गर्ने व्यवस्थाहरू रहेका छन्।

त्यसैगरी नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको बिस्तृत शान्तिसम्भौतामा समेत यातनाविरुद्धको व्यवस्था समावेश गरिएको छ। यसबाहेक सर्वोच्च अदालतबाट यातनालाई फौजदारी अपराधको दायरामा ल्याई कानुन बनाउन निर्देशन गरेको छ। नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धिले यातनालाई दण्डनीय फौजदारीअपराधको रूपमा परिभाषित गरेको हुँदा विद्यमान राष्ट्रिय कानुनका प्रावधानहरूलाई परिमार्जन गरी यातनालाई सोहीबमोजिम फौजदारीकसुरको रूपमा परिभाषित गरी सजायको किटान गर्न जरुरी छ। यसका लागि सरकारी मुद्दासम्बन्धी ऐन, मुलुकी ऐन, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, प्रहरी ऐन र कारागार ऐन लगायतका कानुनी प्रावधानहरूमा यातनालाई निषेध गर्ने प्रावधानहरू राखी उचित दण्ड, अनुसन्धान अधिकारी, अभियोजन अधिकारी र मुद्दा चल्ने अदालत लगायतको निश्चित प्रबन्ध हुनु आवश्यक छ।

नेपाल सरकारले हालै यातना दिने वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६९ संसदसमक्ष पेश गरेको छ। यस विधेयकमा यातनालाई फौजदारी अपराधको रूपमा स्वीकार गरी सरकार वादी भई मुद्दा चलाउने व्यवस्था गरिएको छ। उक्त विधेयकमा सुनियोजित ढङ्गबाट कुटपिट गर्ने, टाउको ठोक्काइ दिने, मुड्की वा लात्तले हान्ने, थप्पड् लगाउने वा लाठी, बन्दुकको कुन्दा वा अन्य कुनै वस्तुले हिर्काउने वा शरीरमा उफ्रने, हिँड्ने वा कुल्चने जस्ता कार्यलाई यातना दिएको मानिने व्यवस्था गरेको छ। यसका अतिरिक्त खाना वा पिउने पानीबाट वञ्चित गरिने, बासी सडेगलेका खाना वा दुषित पानी पिउन लगाउने, जनावरको मलमूत्र रगत, मदिरा, अन्य कुनै हानिकारक वस्तु वा अभक्ष वस्तु जवरजस्ती खुवाउने जस्ता कार्य, विद्युतीय झड्का लगाउने, चुरोटले पोल्ने, तातो रडले डाम्ने, तातो पानीले पोल्ने, तातो तेल वा तेजाब वा कुनै विषालु, जैविक वा रसायनिक पदार्थ प्रयोग गर्ने वा खुर्सानी

दल्ने समेतका कार्यलाई यातनाजन्य कार्य मानिएको छ । उल्लिखित विधेयकको दफा ३ को उपदफा १ को खण्ड (क) देखि (ष) सम्म यातनाजन्य कार्यहरूको बारेमा उल्लेख भएको छ। यस विधेयकमा यातना दिने कार्यमा सम्लग्न कसूरदारलाई पाँच वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्थासमेत गरिएको छ। यस्तो पिडीतलाई अदालतले ५ लाख रुपैयाँसम्म क्षेतिपूर्ती भराईदिने गरी आदेश दिनसक्ने प्रावधान उक्त विधेयकमा राखिएको छ।

## ३.२. अन्तर्राष्ट्रिय कानुनहरू

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ७ मा कसैलाई पनि यातना नदिइने तथा क्रुर, निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने कुरा उल्लेख छ। त्यसैगरी यातनाविरुद्धको महासन्धि १९८४ को धारा १ मा कुनै सार्वजनिक अधिकारी वा आधिकारिक क्षमतामा काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमतीबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट सूचना वा साविति लिने वा तेस्रो व्यक्तिले गरेको वा गरेको भनी शङ्का गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि जानी जानी दिइएको शारीरिक वा मानसिक पीडा वा कष्ट दिने कार्यलाई यातनाको रूपमा परिभाषित गरिएको छ। उक्त महासन्धिमा यातनालाई फौजदारीअपराधको रूपमा परिभाषित गर्नुको साथै पीडकलाई दण्ड र पीडितलाई क्षतिपूर्ति, परिपुरण एवम् पुनर्स्थापना, कानुन कार्यान्वयन गर्ने अधिकारीलाई यातना निषेधसम्बन्धी शिक्षा र तालीम दिनुपर्ने, यातनाद्वारा लिइएको बयान प्रमाणका रूपमा ग्रहण गर्न नहुने लगायतका व्यवस्थाहरू समावेश गरिएको छ। यसको साथै बन्दीहरूको व्यवहारका लागि न्यूनत्तम मापदण्डगत नियमहरू १९५५, जेनेभा महासन्धिहरू १९४९ का साभा धारा ३, यातनाविरुद्धको राष्ट्रसङ्घीय घोषणा पत्र १९७५, कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता १९७९, यातनाविरुद्ध महासन्धिको ऐच्छिक आलेख २००२ लगायतका दस्तावेजहरूमा यातनालाई निषेध गर्ने प्रावधानहरू उल्लेख गरिएका छन्।

नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम यस्ता घटनाहरूको निर्मूलीकरण हुन सकेको छैन। यातनाविरुद्धको महासन्धिमा उल्लेख

भएबमोजिम तथा सर्वोच्च अदालतको आदेशपछि पनि यातनालाई हालसम्म फौजदारीअपराधको रूपमा राज्यले स्वीकार गरी सो अनुसारको कानुन निर्माण गरेको छैन । यातनाविरुद्धको महासन्धिको स्वेच्छिक आलेखको नेपाल पक्ष राष्ट्र नहुँदा हालको अवस्थामा पनि थुनुवा केन्द्रहरूको अनुगमनमा सहज पहुँच नभई कतिपय यातनाका घटनाहरू सार्वजनिक हुन सकेको अवस्था छैन । एकातिर यातनाविरुद्धको महासन्धिले गरेको व्यवस्थाबमोजिम हालसम्म पनि सरकारको तर्फबाट एउटा पनि पुनर्स्थापना गृहको व्यवस्था हुन नसकेको अवस्था छ भने अर्कोतिर पीडितहरूको मनोसामाजिक परामर्शकर्ता सम्म पहुँच हुन नसक्दा धेरै अधिकांश यातना पीडितहरू अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको पाइन्छ ।

यातनाविरुद्धको महासन्धि अन्तर्गतको दायित्व पूरा गर्ने सम्बन्धमा नेपालबाट पेश गरिएको आवधीक प्रतिवेदन सन् २००५ का सम्बन्धमा यातनाविरुद्धको समिति[२] ले नेपाल सरकारलाई दण्डहीनताको अवस्थालाई सम्बोधन गर्न अन्य कुराका अतिरिक्त देहायको कार्य गर्नुपर्ने सिफारिस गरेको थियो :

*“पक्राउपूर्जी बिना गरिएको गिरफ्तारी, गैरन्यायिक हत्या, हिरासतमा मृत्यु तथा बेपत्ता पार्ने कार्यसम्बन्धी सम्पूर्ण आरोपहरूको सम्बन्धमा तुरुन्त अनुसन्धान र अभियोजन गरी पीडकहरूलाई सजाय दिइने कुरा सुनिश्चित गर्न प्रभावकारी कानुनी, प्रशासनिक तथा न्यायिक उपायहरू अवलम्बन गर्ने । प्रथम दृष्टिमा यातना भएको जस्तो देखिने मुद्दाहरूको सम्बन्धमा अनुसन्धान अवधीभरि अभियुक्तलाई निलम्बन गरिनुपर्दछ वा अन्यत्रै काममा लगाउनुपर्दछ ।*[३]

नेपाल सरकारले यातनाविरुद्धको समितिले उठाएका सरोकार उपर ध्यानाकर्षण गर्दै सन् २००७ मा दण्डहीनतालाई समाप्त पार्ने, दुर्व्यवहारका घटनाहरूको अभियोजन गर्ने, सक्षम अदालतबाट अन्तिम फैसला नभएसम्म यातनाका आरोप लागेका सरकारी अधिकारीहरूलाई निलम्बन गर्ने, अदालतको आदेशको पालना गराउने तथा भविष्यमा हुन पुगेमा सजाय दिने तथा पीडितलाई क्षतिपूर्ति समेत भराई दिने प्रतिवद्धता व्यक्त गरेको थियो ।[४]

---

[२] यातनाविरुद्धको समिति भन्नाले यातनाविरुद्धको महासन्धिअन्तर्गत रहेको उजुरी सम्यन्त्रमा पेश गरिएका उजुरी सूचना तथा जानकारीको समीक्षा गर्ने लगायतका कार्य गरी यस महासन्धि कार्यान्वयनको अनुगमनको लागि जिम्मेवार स्वतन्त्र विज्ञहरूको संयुक्त राष्ट्रसङ्घीय निकाय हो ।

[३] यातनाविरुद्धको समिति, यातनाविरुद्धका समितिका निश्कर्ष तथा सिफारिसहरू: नेपाल, २०६२ चैत, ३०, CAT/C/NPL/CO/2, para 24.

[४] यातनाविरुद्धको समितिको निश्कर्ष तथा सिफारिसहरूप्रति नेपाल सरकारले गरेका टिप्पणीहरू, २०६४, जेठ १८, CAT/C/NPL/CO/2,para 10,12,16,21,23

यसैगरी सन् २०१० नोभेम्बरमा नेपाललाई अर्को आवधीक प्रतिवेदन प्रकृयामा जानुअगाडि नेपाल सरकारलाई बुझाएका सवालहरूको सूचीमा यातनाविरुद्धको समितिले नेपाल सरकारले प्रस्ताव गरेको मुद्दा फिर्ता लिन सक्ने कार्यबाट उत्पन्न हुन सक्ने चरम् दण्डहीनताका सम्बन्धमा विशेष चिन्ता व्यक्त गर्दै यस्तो अनुरोध गरेको थियो । *"मन्त्रीमण्डलमा रहेका एनेकपा (माओवादी) का केही वरिष्ठ सदस्यसहितको राजनीतिक प्रकृतिका ३४९ वटा मुद्दा फिर्ता गर्ने सरकारको सिफारिसपछि भविष्यमा त्यस्तो घटना दोहोरिन नदिन तथा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तबाट सिफारिसमा व्यक्त गरेजस्तो गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधहरूका लागि जिम्मेवार व्यक्तिहरूले वास्तविक आम माफीबाट लाभान्वीत हुने अवसर नपाउन् भन्ने कुरा सुनिश्चित गर्न चालिएका कदमहरूबारे जानकारी दिनुहोस् ।"*[५]

### ३.३. विश्वव्यापी आवधिक समीक्षा

मानव अधिकार उल्लङ्घनसम्बन्धी आरोपहरूका सम्बन्धमा अनुसन्धान गर्न र अदालतद्वारा सङ्क्रमणकालीन न्यायसंयन्त्र स्थापनासम्बन्धी फैसला कार्यान्वयन गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सत्यनिरुपण आयोग विधेयक र बेपत्ता आयोग संसदमा विचाराधीन रहेको भनी जवाफ दिएको भए तापनि हालसम्म पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्र स्थापना भइनसकेको अवस्था छ ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ । यातना तथा  अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई महासन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी

[५] ऐ.अनुच्छेद ३२

महासन्धिको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ। आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षेपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने ।

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनु अघि रायको लागि आयोगसमक्ष लेखी पठाउने ।

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने ।

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने ।

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र

हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐन प्रदत्त कामकर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य, मानव अधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालती गरी तीन वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार सङ्घसंस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने, मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरूका प्रयासहरूलाई प्रात्साहित गर्ने, औपचारिक वा अनौपचारिक शिक्षा प्रणालीमार्फत मानअधिकार शिक्षाको प्रचारप्रसार गर्ने समेतका प्रवर्द्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ । प्रवर्द्धनात्मक कार्यअन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सेमिनार, सम्मेलन गर्ने, विद्युतीय लगायत विभिन्न सञ्चारमाध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनजस्ता कार्यक्रम रहेका छन् । त्यसैगरी पुस्तक एवम् आयोगका गतिविधि र मानव अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने, मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने, मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस  गर्ने समेतका कार्यहरू पर्दछन् ।

उल्लिखित कार्यका अतिरिक्त आयोगले मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक र उपयुक्त सुझाव दिने, सन्धि-सम्झौतामा भएका व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने, मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय सन्धि-सम्झौताअनुरूप नेपालले प्रतिवेदन पठाउनुपर्ने दायित्व भएका विषयमा नेपाल सरकारलाई राय दिने दायित्व तथा जिम्मेवारीसमेत आयोगलाई दिइएको छ । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी

सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो राय, सुझाव तथा परामर्श उपलव्ध गराउँदै आएको छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०६८ र मानव अधिकार आयोग र उजुरी, कारबाही तथा क्षतिपुर्ति निर्धारण नियमावली २०५७ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । यातनाविरुद्धको अधिकारको संरक्षण र सम्वर्द्धनमा आयोगका गतिविधिहरू निम्न लिखित विषयमा केन्द्रित हुन्छन्:

### ५.१. अनुसन्धान

मानव अधिकार उल्लङ्घनका उजुरीउपर अनुसन्धान गर्नु राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कार्य हो । यातना रोकथाम तथा न्यूनीकरणका लागि निम्न गतिविधिहरू सञ्चालन गर्दछ । आयोगले निम्न माध्यमहरूबाट उजुरी ग्रहण गर्दछ:

- लिखित वा मौखिक निवेदन,
- टेलिफोन वा फ्याक्स
- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चारमाध्यम र
- स्वविवेकीय अधिकार प्रयोग गरी आफैँ ।

यस्ता उजुरीहरूमा सामान्यतया उजुर गर्ने र पीडित व्यक्तिहरूको सकेसम्म बिस्तृत विवरणहरू उल्लेख भएको हुनुपर्दछ । यसैगरी उजुरीको विषय, उल्लङ्घन भएको मानव अधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने

प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनुपर्दछ । यसरी प्राप्त भएको उजुरीहरूमाथि आयोगले अनुसन्धानपश्चात् निर्णय गरी निर्णय कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०६८ ले तोकेको अधिकार प्रयोग गरी आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय एवम् उपक्षेत्रीय कार्यालयहरूमा यातनाविरुद्धको अधिकारको संरक्षणको लागि दर्ता हुन आएका उजुरीहरूको सम्बन्धित इकाइबाट अनुसन्धान गरी निर्णयको लागि आयोगसमक्ष पेश गर्ने गरिन्छ । आयोगले मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ मा उल्लिखित व्यवस्थाबमोजिम पीडित व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराउन र मानवअधिकार उल्लङ्घन कर्तालाई कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस  गर्ने गर्दछ ।

### ५.२. अनुगमन

आयोगले देशका विभिन्न भागहरूमा समग्र मानव अधिकार स्थितिको अनुगमन गर्ने क्रममा थुनुवा तथा बन्दीहरूका अधिकारको समेत अनुगमन गर्ने गरेको छ । त्यसैगरी यातना कुटपिट तथा अमानविय व्यवहारका घट्नाका सम्बन्धमा पनि आयोगले अनुगमन तथा अनुसन्धान गरेको छ। काठमाडौँको महानगरीय प्रहरी बृत्त कालिमाटीमा प्रहरीबाट हिरासतमा लिइएका सानु सुनारलाई दिइएको यातनापछि मृत्युभएको घट्नालाई अनुगमन तथा अनुसन्धान  गरी पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको लागि सिफारिस गरेको थियो । यस्तै धनुषा जिल्ला प्रहरी कार्यालयभित्र एक थुनुवालाई प्रहरीले दिएको यातनाका सम्बन्धमा आयोगको रोहवरमा स्वास्थ्य परीक्षण गराएको छ। उक्त हिरासतभित्र थुनुवाहरूलाई शौचालय हुँदा हुँदै प्लाष्टिकको भाँडामा पिसाब फेर्न लगाएको पाइएकोले उक्त कार्य तत्काल बन्द गर्न सम्बन्धित प्रहरी प्रशासनलाई सुझावसमेत दिइएको थियो ।

आयोगले कारागार, हिरासत वा थुनुवा केन्द्रमा रहेका व्यक्तिहरूको अधिकारको उपभोग न्यायसङ्गत रूपमा गर्न पाए नपाएको, न्यूनत्तम मानवीय व्यवहार गरेको नगरेको, निष्पक्ष सुनुवाइको अधिकार उपभोग गर्न पाए नपाएको तथा न्यूनत्तम सुविधा पाए नपाएको भन्ने जस्ता विषयमा अनुगमन गरी नेपाल

सरकारलाई विभिन्न सुझाव तथा सिफारिस गर्दै आएको छ । यसबाट कारागार तथा थुनुवा केन्द्रमा दिइने यातना न्यून गर्न र भौतिक संरचना सुधार गर्ने कार्यमा सहयोग पुग्न गएको छ ।

## ५.३. सम्वर्द्धनात्मक गतिविधिहरू

मानव अधिकारको संम्वर्द्धन सम्बन्धी दायित्व निर्वाह गर्ने क्रममा यातनाविरुद्ध अधिकारको सम्बन्धमा विभिन्न सम्वर्द्धनात्मक गतिविधिअर्न्तगत मानव अधिकारसम्बन्धी तालिम, गोष्ठी, अन्तर्क्रिया, सचेतना कार्यक्रम सञ्चालन गरी मानव अधिकारको प्रचारप्रसार गर्ने, सबै प्रकारका सञ्चार माध्यमको प्रयोग गरी स्थानीय तहसम्म मानव अधिकार सचेतना अभिवृद्धि गर्ने, मानवअधिकारका विभिन्न विषयमा जानकारी दिने पुस्तक-पुस्तिका, पत्रिका, बुलेटिन र वेबसाइटमार्फत आफ्ना गतिविधिहरू जानकारी गराउने गर्दछ । आयोगले यातनाविरुद्धको अधिकारलाई नै केन्द्रित गरी नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयहरू, कारागार शाखामा कार्यरत कर्मचारीहरू, मानव अधिकारकर्मी र कानुनव्यवसायीहरूलाई तालिमहरू प्रदान गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघिय मानव अधिकार उच्चायुक्तको कार्यालय जेनेभाको सहयोगमा हिरासतमा रहेका थुनुवाहरूको हक अधिकार सम्बन्धमा आयोगले देशको पाँचै विकास क्षेत्रहरूमा राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न गरी छलफलबाट प्राप्त सुझावको आधारमा कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका २०६७ जारी गरेको छ । यसका अतिरिक्त आयोगबाट निम्नलिखित अन्य सम्वर्द्धनात्मक गतिविधिहरू सम्पन्न भएका छन्:

१. वि.सं. २०५९ चैत १० देखि १४ सम्म नेपाल पक्ष भएको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध महासन्धि, १९८४ को अवधारणा, सन्धिजन्य मापदण्ड, कार्यान्वयनका पक्षहरू तथा आवधिक लेखन सम्बन्धमा प्रथम चरणको तालिम प्रधान गर्ने उद्देश्यले आयोग र नेपाल सरकारका साचिवहरूको सहभागितामा यस कार्यक्रमको आयोजना गरिनुका साथै यातना पीडितहरूका लागि सहायतासम्बन्धी अन्तर्राष्टिय दिवस जुन् २६ का अवसरमा प्रत्येक वर्ष विभिन्न सङ्घसंस्थाहरूसँग मिलेर यातनाविरुद्ध अधिकारका सम्बन्धमा विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आएको छ ।



२. २०६१ असार १२ (जून २६) गते राष्ट्रिय मानव अधिकार आयोग र यातना र दण्डहीनताले उब्जाएका प्रश्न विषयक एक दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । मानव अधिकारसँग सम्बन्धित गैरसकारी संस्था, सरकारी प्रतिनिधिहरू र राजनीतिक दलका प्रतिनिधि र कानुनव्यवसायी लगायत प्रवुद्ध वर्गको उपस्थिति रहेको थियो ।

३. वि.सं. २०६७ चैत ९ देखि १० सम्म हिरासतमा रहेका थुनुवाहरूको हक अधिकारसम्बन्धी जानकारी दिने उद्देश्यले आयोगको केन्दीय र क्षेत्रीय कार्यालयको संयोजनमा नेपाल प्रहरी र सशस्त्र प्रहरी अधिकारीहरू, कानुनव्यवसायी, मानव अधिकारकर्मी, जिल्ला कारागार शाखाका प्रतिनिधिहरूको सहभागीतामा  कार्याशाला आयोजना गरिएको थियो ।

४. आयोगले हरेक वर्ष विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी यातनाविरुद्धको दिवस मनाउँदै आएको छ ।

५. यातनासम्बन्धी सूचनामूलक पुस्तिकाहरू प्रकाशन र वितरण गर्दै आएको छ ।

६. हिरासत अनुगमन निर्देशिका तर्जुमा गरी सरोकारवालाहरूबीच वितरण गर्दै आएको छ ।

७. वि.सं. २०६८ असोज ६ देखि ११ सम्म एसिया प्रशान्त मञ्च र यातना रोकथामको लागि संस्था (APT) को संयुक्त आयोजनामा यातनाको रोकथाममा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका विषयक तालीम, कार्यशाला सम्पन्न गरिएको थियो । सोही संस्थासँगको संयुक्त आयोजनामा २०६८ असोज १४ गते नेपालमा यातना रोकथामका उपायहरू र भावी दिशा विषयक एक दिने कार्यशाला आयोजना गरिएको थियो ।

## ५.४. यातना विरुद्धका उजुरी र सिफारिसहरू

वि.सं. २०५७ साल जेठ १३ मा आयोगको स्थापना भएपश्चात् हालसम्म आयोगमा परेका उजुरीहरूमध्ये हाल ८७३ ओटा उजुरीहरू अनुसन्धानको क्रममा रहेको देखिन्छ। अनुसन्धानपश्चात् प्रमाणको अभाव, क्षेत्राधिकारभित्र नपर्ने केही उजुरीहरूलाई खारेज गरिएको छ भने तत्काललाई कारबाही अगाडि बढाउन आवश्यक नदेखिएका केही उजुरीहरूलाई तामेलीमा राख्ने निर्णय भएको छ।

### ५.४.१.उजुरीको अवस्था

आयोगमा २०६८ चैत मसान्तसम्ममा यातनासम्बन्धी ८७३ वटा उजुरीहरू अनुसन्धानको क्रममा रहेकोमा ६८९ उजुरीहरू राज्यपक्षसँग र १८४ वटा उजुरीहरू तत्कालीन नेकपा(माओवादी) वा अन्य पक्षसँग सम्बन्धित रहेका छन्। सशस्त्र द्वन्द्वकालमा यातना पाएकाहरूको सम्बन्धमा पर्याप्त कानुनी आधारहरू, चिकित्सकहरूको राय, औषधी उपचारका कागजात, चेतनाको अभाव, त्रासपूर्ण जीवन, थप यातनाको त्रास आदि कारणबाट पीडितहरूले कानुनी उपचार पाउन कठिनाइ भएको पाइएको छ। उजुरीको अवस्थालाई क्षेत्रगत रूपमा देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छः

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| राज्य पक्ष | ९ | ८८ | ३० | ४४ | ३६ | ३३९ | २३ | ३७ | ८३ | ६८९ |
| अन्य पक्ष | ० | १ | १२ | २४ | १४ | २५ | १२ | ५२ | ४४ | १८४ |
| **जम्मा उजुरी** | **९** | **८९** | **४२** | **६८** | **५०** | **३६४** | **३५** | **८९** | **१२७** | **८७३** |

### ५.४.२.सिफारिसको अवस्था

आयोगले हालसम्म ४४ वटा यातनासम्बन्धी उजुरीहरू उपर नेपाल सरकारसमक्ष सिफारिस गरिएको छ। आयोगले गरेका उक्त सिफारिसहरू मध्ये ४२ वटा राज्य पक्षसँग र २ ओटा तत्कालीन नेकपा (माओवादी) सँग सम्बन्धित छन्। क्षेत्रगत रूपमा सिफारिस विवरण देहायबमोजिम रहेको छः

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| राज्य पक्ष | २ | ० | २ | ३ | २ | १२ | १ | ७ | १३ | ४२ |
| अन्य पक्ष | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | २ |
| **जम्मा उजुरी** | **२** | **०** | **२** | **४** | **२** | **१२** | **१** | **७** | **१४** | **४४** |

नोट : तथ्याङ्कको अभिलेखन आयोगको २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकारबमोजिम गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले यातनासम्बन्धी उजुरीहरूमाथि छानबीन गरी दोषीलाई कारबाही गर्न नेपाल सरकारलाई गरेको सिफारिसहरूको कार्यान्वयनको स्थिति सन्तोषप्रद देखिँदैन । यातना दिने कार्यमा संलग्न दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन भनी गरिएका ४४ वटा सिफारिसहरूमध्ये ८ जना पीडितहरूले मात्र पूर्णरूपमा क्षतिपूर्ति प्राप्त गरेको र १४ जना पीडितहरूले आंशिक रूपमा क्षतिपुर्ति प्राप्त गरको जानकारी आयोगलाई प्राप्त भएको छ तर आयोगले सिफारिस गरेका दोषीलाई कानुनको दायरामा ल्याइएको अवस्था छैन । नेपाल सरकार र सम्बन्धित अधिकारी एवम् सरोकारवाला, यातना तथा अमानवीय व्यवहार गर्ने जोकोहीलाई कानुनको दायरामा ल्याउँन सकेमात्र यातना दिने तथा क्रूर र अमानवीय  व्यवहार गरिने कुरामा कमी आउन सक्ने देखिन्छ ।




आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयनको बारेमा पटकपटक प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को  कार्यालय, गृह मन्त्रालयलगायत सुरक्षानिकायसमेतका उच्चस्तरीय अधिकारीहरूसँग छलफल भए तापनि सिफारिस  कार्यान्वयनमा उल्लेखनीय प्रगति हुन सकेको छैन । यातना दिई मानव अधिकारको उल्लङ्घन गर्ने सम्बन्धित अधिकारी वा उल्लङ्घनकर्ताबाट नै क्षतिपूर्ति भराउनु भनी गरेको आयोगको सिफारिस पूर्णरूपमा कार्यान्वयन गर्नका निमित्त राज्य संवेदनशील नभएसम्म नेपालमा यातनाविरुद्धको अधिकार संरक्षण गर्ने कार्यमा ठोस प्रगति हासिल हुन नसक्ने विषयमा दुईमत हुन सक्तैन । राष्ट्रिय मानव अधिकार आयोगले २०६५ असोज १७ गते कारागार

ऐन, २०१९ उपर गरिएको पुनरावलोकन प्रतिवेदनका आधारमा कारागारमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारसमक्ष नीतिगत सिफारिस गरेको छ।

## ५.५.आयोगले प्रदान गर्ने सेवाहरू

यातनाविरुद्धको अधिकार सम्बन्धमा यस आयोगले देहायमा उल्लेख गरेबमोजिमका सेवाहरू उपलव्ध गराउँदै आएको छः

- यातनाविरुद्धको अधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिन सक्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- यातनाविरुद्धको अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग महिला मानव अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालीम, अन्तरक्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- यातनाविरुद्धको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू मानव अधिकार मैत्री भएनभएको सम्बन्धमा राय तथा सुझाव दिने आदि।

## ५.६. आयोगका प्रकाशनहरू

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका यातनाविरुद्धको अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ। आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायबमोजिम राखिएको छ :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | राष्ट्रिय मानव अधिकार आयोग एक चिनारी | २०६२ |
| ३ | बन्दीको अधिकारसम्बन्धी ब्रोसियर्स | २०६३ |
| ४ | कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७ | २०६७ |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी) | २०६८ |
| ६ | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ७ | कारागार अनुगमन प्रतिवेदन, २०६२ | २०६२ |
| ८ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| ९ | युद्धविरामको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |
| १० | आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ र मानवअधिकारका मापदण्डहरू, पूनरावलोकन प्रतिवेदन, २०६३ | २०६३ |
| ११ | जनआन्दोलन अनुगमन प्रतिवेदन, २०६३ | २०६३ |
| १२ | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन | २०६३ |
| १३ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १४ | Study on the Domestication Status of International Covenant on Civil & Political Rights in Nepal | २०६४ |
| १५ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| १६ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| १७ | Remedies and Rights Revoked : Case Withdrawals for Serious Crimes in Nepal, Legal Opinion, 2011 (With OHCHR) | २०६८ |
| १८ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| १९ | गतिविधि पुस्तिका, राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| २० | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| २१ | राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २२ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था - आठ महिना | २०६५ |
| २३ | नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थासम्बन्धी प्रतिवेदन | २०६५ |
| २४ | अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनको आवश्यकता र औचित्य | २०६५ |
| २५ | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनसम्बन्धी अवस्था२०६६ | |
| २६ | नेपालमा बलपूर्वक बेपत्ताको अवस्थासम्बन्धी सङ्क्षिप्त प्रतिवेदन | २०६६ |
| २७ | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६४-२०६७ |
| २८ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| २९ | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| ३० | कारागार तथा हिरासत अनुगमन प्रतिवेदन | २०६७ |
| ३१ | The report of NHRIsNepal on the UPR process | २०६७ |
| ३२ | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| ३३ | मानव अधिकारसम्बन्धी सङ्क्रमणकालीन न्यायका सम्बन्धमा आयोगको निर्णय | २०६८ |
| ३४ | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| ३५ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३६ | यातनाविरुद्धको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३७ | व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३८ | मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ | २०६३ |
| ३९ | मानवअधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| ४० | Study on Insurgency Related Torture and Disability (Human Rights Violations in the Context of Maoist Insurgency) | २०५९ |
| ४१ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ४२ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ४३ | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी ब्रोसियर्स | २०६८ |
| ४४ | यातनाविरुद्धको अभियान र राष्ट्रिय मानव अधिकार आयोग | २०६६ |

# ६. समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एक्लो प्रयासबाट मात्रप्रयाप्त हुँदैन । यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत सहकार्य गर्दै आइरहेको छ । उक्त विभिन्न निकाय, सङ्घसंस्था, नियोगहरू सँगको सहकार्यलाई आयोगले उच्च प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार, विभिन्न राजनैतिक दलहरू, संसद, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानवअधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तक्रिया गर्दै आइरहेको छ । आयोगको सहकार्यलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गरिएको छः

## ६.१. नेपाल सरकार

यातनाविरुद्धको अधिकारका संरक्षण र सम्वर्द्धनका सम्बन्धमा आयोग र नेपाल सरकार तथा मातहतका निकायहरू, विभिन्न सुरक्षा निकायहरूबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य हुँदै आएको छ । आयोगले समय-समयमा कारागार तथा हिरासत कक्ष एवम् थुनुवा केन्द्रहरूमा अनुगमन गर्दै आएको छ । कारागार व्यवस्था विभाग, सुरक्षा निकाय लगायतका सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया सम्पन्न गरी कारागार तथा हिरासत कक्षहरूको अवस्था तथा कैदी वन्दीहरूको मानवअधिकारको संरक्षणार्थ आवश्यक व्यवस्था गर्न र यातनाविहीन अवस्था निर्माण गर्नका निमित्त कैदीबन्दीहरूको आचरण, अनुशासन, सुरक्षाकर्मीहरूको दायित्व र कर्तव्य सम्बन्धमा अनुगमन गर्न आयोगको अनुगमनटोली तथा सरोकारवालाहरूलाई सहयोग पुऱ्याउँने लक्ष्यका साथ कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका २०६७ तर्जुमा गरेको छ ।

## ६.२. नागरिक समाज

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग यातनाविरुद्धको अधिकारका संरक्षण र सम्वर्द्धनका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै

आएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरू मार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले यातनाविरुद्धको अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएको अवस्था छ । यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), एड्भोकेसी फोरम, बालमजदूर सरोकार केन्द्र, महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपाल, मानव अधिकार सङ्गठन (ह्युरोन), काइराष्ट लगायतका संस्थाहरूसँग आयोगले सहकार्य गर्दै आएको छ ।

## ६.३. सञ्चार जगतसँगको सहकार्य

यातनाविरुद्धको अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहयोग लिँदै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानवअधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी विभिन्न टेलिभिजन र रेडियो लगायतका सञ्चारमाध्यमहरूबाट पनि आयोगले यातनाविरुद्धको अधिकारका विषय वस्तुहरूको प्रचारप्रसार गर्दै आइरहेको छ ।

## ६.४ अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध राख्नुको साथै समन्वय र सहकार्य रहँदै आएको छ । आयोगको युरोपेली युनियनसँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तारमा सहयोग पुग्न गयो । यसबाट यातनाविरुद्धको अधिकारका संरक्षण र सम्वर्द्धन, अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्य सहज भएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालय (OHCHR), एसिया प्रशान्त मञ्च र यातना रोकथामको लागि संस्था (APT), अमेरीकी बार एसोसिएसन लगायतका संस्थाहरूसँग आयोगले सहकार्य

गर्दै आएको छ । यसबाट यातना रोकथाममा महत्त्वपूर्ण योगदान पुग्न जाने देखिन्छ ।

## ७. आयोगका कार्यालयहरू र ठेगाना

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौ<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | | |
|---|---|---|---|
| १. | विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. | जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. | पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. | नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. | धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौ

इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२